कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर राखी जिल्ला प्रशासन कार्यालय, महोत्तरी

प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

महोत्तरी जिल्लामा कोरोना भाइरस (COVID-19) को संक्रमणको तेश्रो लहरको नयाँ भेरिएन्टको फैलावटलाई मध्यनजर राखी कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, संक्रामक रोग ऐन २०२० को दफा (२) र स्थानीय प्रशासन ऐन २०२८ को दफा (६) को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/१०/०७ गते राती १२ बजे देखि अर्को सूचना जारी नभएसम्मका लागि यस अघि जारी गरिएको आदेशको सट्टा देहाय अनुसारको आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघ, संस्था पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ ।

देहायः-

१) कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतकाको स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने, गराउने ।

२) सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने कियाकलाप २०७८ साल माघ मसान्त सम्म संचालन नगर्ने ।

३) गोष्ठी, सेमिनर, समिक्षा बैठक जस्ता कियाकलापहरु गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा बढीमा पच्चीस जना मात्र सहभागि रहने गरी संचालन गर्ने । साथै त्यस्तो कियाकलाप संचालन गर्दा २०७८ साल माघ ७ गते पश्चात त्यस्तो कार्यक्रममा खोपको पुरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउने ।

४) सिनेमा हल, डान्स बार, दोहोरी, नाचघर, क्लब हेल्थ क्लब, जिम खाना, स्वीमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने र अन्य सबै प्रकारका कार्यक्रम २०७८ साल माघ १५ गतेसम्म संचालन नगर्ने ।

५)विद्यालय, विश्वविद्यालय,कलेज टयुसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक कियाकलाप गर्दा २०७८ साल माघ १५ गते सम्म भौतिक रुपमा उपस्थितिमा संचालन नगर्ने । त्यस्ता शैक्षिक कियाकलाप भर्चुअल वा बैकल्पिक शिक्षण सिकाईका विधिहरु अपनाई संचालन गर्ने ।

६) विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, बैदेशिक रोजगारीका लागि संचालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वाथ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

७) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वाथ्यका मापदण्ड पालना गर्ने गरी २०७८ साल माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

८) सपिङ मल, डिपार्टमेण्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एकपटकमा पच्चीस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको कम्तीमा दुई मिटर दुरी कायम गर्ने,

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

मास्क अनिवार्य गर्ने, पटक -पटक सावुन पानीले हात धुने वा सेनीटाईज गर्ने गरी संचालन गर्ने । जनस्वाथ्य मापदण्ड अनिवार्य पालना गर्ने- गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने ।

९) पार्टी प्यालेसमा एक पटकमा कूल क्षमताको बढीमा एक-तिहाई नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वाथ्यका मापदण्ड पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट पूर्व स्वीकृत लिई विवाह, ब्रतबन्ध, न्वारन तथा पासनी जस्ता धार्मिक, संस्कृति, सामाजिक वा अन्य कार्यक्रम संचालन गर्ने ।

१०) रंगशालामा दर्शक सहितको खेलकुद कार्यक्रम गर्दा एक पटकमा कूल क्षमताको एक-तिहाई मात्र उपस्थित रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने गरी सञ्चालन गर्ने ।उपस्थित दर्शकहरु मध्ये आयोजकको खर्चमा एक-तिहाई दर्शकलाई रेन्डम छनोटको आधारमा एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।२०७८माघ ७गते पश्चात त्यस्तो खेलकुद कार्यक्रममा खोपको मात्रा पुरा गरेका व्यक्तिहरुलाई मात्र खोप कार्डको आधारमा रङ्गशालामा प्रवेश गर्न दिने ।

११) धार्मिक वा सास्कृतिक जात्रा,पर्व,विवाह,न्वारन,पास्नी,ब्रतबन्ध,धार्मिक अनुष्ठान,मृत्यु सस्कार लगायत अत्यावश्यक पराम्परागत धार्मिक तथा सास्कृतिक कृयाकलापहरु संचालन गर्दा ५० जना भन्दा बढि नहुने गरी स्वास्थ्यका मापदण्ड पालना हुने गरी मात्र संचालन गर्ने ।

१२) सार्वजनिक यातायात सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क)सिट क्षमता भन्दा बढि यात्रु नराख्ने

ख) सबै यात्रुलाई मास्क अनिबार्य गर्ने ।

ग)सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाईजरको व्यवस्था गर्ने ।

घ) चालक र सह-चालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने ।

ङ)सवारी साधन दैनिक रुपमा नि – संक्रमण गर्नु पर्ने ।

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सह-चालकले बढिमा ५ रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने ।

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।

ज) लामो दुरी चल्ने सार्वजनिक यातायातमा बिच बाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तब्य देखि अन्तिम गन्तब्य सम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड व्यवस्थापन केन्द्रले पाउने गरी नजिकको ट्राफिक कार्यालयमा उपलब्ध गराउने ।

झ) लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुलाई संभव भए सम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

१३) व्यापारिक केन्द्र जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढिमा ५ रुपैया लिई मास्क उपलब्ध गराउने ।मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१४) सार्वजनिक स्थलहरुमा प्रवेश गर्दा यहि माघ ७ गते देखि कोभिड -१९ बिरुद्धको खोप लगाएको कार्ड (मोबाईलमा फोटो भए पनि हुने) साथमा राख्ने र यस्ता सबै निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने ।

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

१५) यहि माघ ७ गते देखि जिल्ला भित्रका सबै निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाईलमा फोटो भए पनि हुने) अनिवार्य गर्नु पर्ने ।

१६) सिमा नाकामा एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउने ।त्यस्तो परीक्षणबाट संक्रमित देखिएकाहरुलाई तत्काल संस्थागत आईसोलेसनमा (होल्डिङ्ग सेन्टर,होटल आदी)मा राख्ने व्यवस्था मिलाउने।

१७) होटल तथा रेष्टुरेण्टले देहाय बमोजिमको मापदण्ड पालना गरी सेवा दिने ।

क) होटल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क फेस सिल्ड र पन्जा लगाउने ।

ख) होटल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहिलाई मास्क अनिवार्य गर्ने ।

ग) कुल क्षमताको आधा भन्दा बढि नहुने गरी कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्नु पर्ने ।

घ) सेनिटाईजरको व्यवस्था गर्नु पर्ने ।

ङ) होटल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसंक्रमित गर्नु पर्ने ।

च) होटल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढिमा ५ रुपैया लिई मास्क उपलब्ध गराउने र मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेण्टमा प्रवेश गर्न नदिने ।

छ) २०७८ साल माघ ७ गते पछि खोपको पुर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोपकार्डको आधारमा होटल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने ।

ज) होटल चेक-ईन गरेको अवस्थामा वा चेक-ईन गरेको २४ घण्टा भित्र आफ्नो होटलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने ।त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सोको विवरण जिल्ला कोभिड व्यवस्थापन केन्द्रलाई उपलब्ध गराउने ।

१८) सबै प्रकारका व्यवसायहरुको अग्रपङतिको काउण्टरमा काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारिको सम्बन्धित निकाय संस्थाले हप्ताको २ पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट निगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

१९) जुनसुकै सेवा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड -१९ को चिन्ह वा लक्षण देखिएमा अनिवार्य रुपमा ५ दिन क्वारेन्टिनमा बस्ने र पाच दिन पछि कोभिड -१९ परीक्षण गरी रिपोर्ट निगेटिभ आएमा मात्र काममा आउने ।

२०) सार्वजनिक तथा निजि सेवा प्रदायकले सम्भव भए सम्म विद्युतिय प्रणालि मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

२१) नियमित रुपमा संचालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यको मापदण्ड पालना गरी नियमित संचालन गर्ने ।

२२) कोभिड-१९ को रोकथाम ,नियन्त्रण,उपचार र निगरानीका लागी आमनागरीकले देहाय बमोजिम गर्ने ।

क) जन-स्वास्थ्यका मापदण्डका पुर्ण रुपमा पालना गर्ने ।

ख) घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ,प्रयोग गरीएका बिसर्जन गर्नु पर्ने, बन्द डस्टविन वा प्लास्टिकको झोलामा बन्द गरी सुरक्षित साथ राखि ५ दिन पछि मात्र बिसर्जन गर्ने ।

ग) घर तथा सार्वजनिक स्थानमा जथाभावि नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

घ) विदेशबाट नेपाल आउदा वा निकट संक्रमणमा रहि कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा निगेटिभ भएतापनि कम्तिमा ५ दिन होम क्वारेन्टिनमा अनिवार्य बस्ने।

ङ) पि.सि.आर.परीक्षणका लागी प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआए सम्म बाहिर हिडडुल ,भेटघाट र बैठक नगर्ने ।

च) स्थानिय तहमा क्वारेन्टिन र आईसोलेसनमा बसेका व्यक्तिहरुलाई सक्दो सहयोग गर्ने ।

छ) अन्य व्यक्तिले जनस्वास्थ्य मापदण्ड पालना नगरेमा स्थानिय तह,स्थानिय प्रशासन ,स्वास्थ्य संस्था,होटेल सुधार समिति,उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथासिघ्र जानकारी गराउने ।

ज) होम आईसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मिको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पताल जाने ।

झ) नेपाल सरकारले तोके बमोजिम कोभिड -१९ बिरुद्धको खोप लगाउने ।

२३) औद्योगिक तथा व्यवसायिक संस्था,फर्म तथा पसलहरुले स्वास्थ्य मापदण्ड पालना गरी ,गराई औद्योगिक तथा व्यवसायिक गतिविधि संचालन गर्ने ।

२४) प्रथम र दोश्रो चरणका कोरोना संक्रमणका बखत होल्डिङ सेन्टर ,आईसोलेसन सेन्टर र अस्पताल संचालन गरेका सबै पालिकाहरुले पुनःउल्लेखित संयन्त्रहरु खडा गरी संचालनमा ल्याउने ।

२५) निजि क्षेत्रबाट संचालित अस्पताल तथा नर्सिङ्ग होमहरुले समेत कोभिड संक्रमित नागरीकको उपचारको लागी भेन्टिलेटर सहितका उपकरणहरु तयारी हालतमा राखि संचालनमा ल्याउने ।

२६) न.पा./गा.पा.ले समेत बिभिन्न स्थानमा एन्टिजेन परीक्षणका लागी हेल्थ डेक्स स्थापना गर्ने ।एन्टिजेनबाट पोजेटिभ देखिएकाहरुलाई अनिवार्य पि.सि.आर.परीक्षण गर्ने व्यवस्था मिलाउने ।आवश्यकता अनुसार होम आईसोलेसन तथा संस्थागत आईसोलेसनमा संक्रमितहरुलाई पु-याउने व्यवस्था न.पा./गा.पा.ले गर्ने ,यस कार्यमा नेपाल रेडक्रस सोसाईटि महोत्तरीले सहजिकरण गर्ने ।

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner